आकाशवाणी

मुख्य समाचार

- प्रधानमन्त्रीले मुख्यमन्त्री श्री नवीन पटनायकको गर्नुभयो आलोचना
- दिल्ली उच्च न्यायालयले दियो दिल्ली विश्वविद्यालयका बाह्रबटा कलेजका कर्मचारीहरूको वेतन उपलब्ध गराउने निर्देश
- विदेश मन्त्रीको स्वतन्त्रताको अर्थ अलगाववादको समर्थनको स्वतन्त्रता नरहेको भनाई
- सिक्किमका राज्यपालले वाराणसीमा सारनाथ परिसरको गर्नुभयो भ्रमण
- श्री अरविन्द केजरीवालले भारतीय जनता पार्टीमा **एक देश एक नेता** को विचारलाई बढ़ावा दिएको लगाउनुभयो आरोप।

**प्रधानमन्त्री ओडिशा - चुनाव**

प्रधानमन्त्री एवं भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले ओडिशाको बलांगीरमा आज रेलीमा राज्यका मुख्यमन्त्री श्री नवीन पटनायकको आलोचना गर्नुभयो। उहाँले भन्नुभयो, श्री पटनायकले खनिजले सम्पन्न ओडिशामा, पचिस सालको शासनमा विकासको काम गर्नुभएको छैन अनि मानिसलाई गरीब बनाइ राखिएको छ । श्री मोदीले भन्नुभयो, रोजगारका लागि युवाहरू गुजरात जस्तो राज्य तर्फ पलायन हुँदैछन् र किसानलाई कृषि उत्पादको सही मूल्य प्राप्त भएको छैन। उहाँले भन्नुभयो, श्री पटनायक आम मानिससंग जोड्निु भएको छैन र उड़िसाका मानिसहरूको दुख बुझ्नु भएको छैन। प्रधानमन्त्रीले भन्नुभयो, पटनायक सरकारको उल्टो गन्ती शुरू भएको छ र विधानसभा चुनाव पछि भाजपाले राज्यमा सरकार बनाउने छ।

**दिल्ली उच्च न्यायालय-विश्वविद्यालय वेतन**

दिल्ली उच्च न्यायालयले राज्य सरकारलाई दिल्ली विश्वविद्यालयका बाह्रबटा कलेजका कर्मचारीहरूको वेतन राशि एक हप्ताह भीत्रमा उपलब्ध गराउने निर्देश दिएको छ। यो कलेज राज्य सरकारद्वारा वित्तपोषित हो। न्यायालयले आदेशको पालन नभए अवमाननाको नोटिस जारी गरिने बताएको छ। दिल्ली सरकार द्वारा न्यायालयको पछिल्लो महीनाको आदेश जारी नगरिनाले यो निर्देश दिएको हो । कलेजका कर्मचारीहरूको वेतन जारी गर्नका लगि वर्ष दुई हजार बीसमा याचिका दर्ता गरिएको थियो।

**जयशङ्कर-कनाडा**

विदेश मन्त्री डाक्टर सुब्रह्मण्यम जयशंकरले भन्नुभएको छ, अभिव्यक्तीको स्वतन्त्रताको अर्थ अलगाववादको समर्थनको स्वतन्त्रता होइन। कनाडामा अलगाववादी घटनाहरू तर्फ संकेत गर्दै उहाँले भन्नुभयो, अलगाववाद र हिंसाको खुल्ला रूपमा समर्थन गर्ने चरमपन्थी तत्वलाई कनाडाको राजनीतीमा संरक्षण प्राप्त छ। हिजो एउटा समाचार एजेन्सीसंग कुरा गर्दै डाक्टर जयशंकरले भन्नुभयो, कनाडाको राजनीतीमा यस्ता केही चर्चीत हस्तीहरू छन् जसले अलगाववाद र चरमपन्थीलाई बढावा दिइरहेका छन्। उहाँले भन्नुभयो, यस मुद्दालाई उठाउनाले कनाडा सरकारले यस अभिव्यक्तीको स्वतन्त्रताको नाम दिइरहेको छ।

डाक्टर जयशंकरले भन्नुभयो, हरेक देशले आफ्नो छिमेकीसंग राम्रो सम्बन्ध चाहान्छ , तर अहिले चीनका साथ भारतको सम्बन्ध सामान्य छैन। उहाँले भन्नुभयो, भारतले यस मुद्दामा चीनसंग कुरा गरिरहेको छ र सम्बन्धलाई सामान्य बनाउनका लागि दुबै देशलाई मिलाएर यस मुद्दाको समाधान गर्नुपर्छ।

**सिङ्गापुर प्रधानमन्त्री □ई□ईटी**

सिङ्गापुरका प्रधानमन्त्री श्री ली सिएन लूङ्गले देशको प्रगतीमा विदेशी प्रतिभाको योगदानको प्रशंसा गर्नुभयो। सिङ्गापुरको एउटा समाचार च्यानलसंग कुरा गर्दै उहाँले भन्नुभयो, भारतीय प्रोद्योगिकी संस्थान-**□ई.□ई.टी** अनि भारतीय प्रबन्धन प्रोग्राम-**□ई.□ई.एम** का विद्यार्थीले ठूलो संख्यामा सिंगापुरमा काम गरिरहेका छन्। श्री लुङले सिंगापुरले विदेशी प्रतिभालाई काममा लगाउने कार्यलाई निरन्तरता दिने पनि बताउनु भएको छ।

**सिक्किम राज्यपाल-तिब्बती अध्ययन**

सिक्किमका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले हिजो वाराणसीमा केन्द्रीय तिब्बती उच्च अध्ययन संस्थानको सारनाथ परिसरको यात्रा गर्नुभयो। उहाँले सिक्किमका विद्यार्थीहरूसंग कुरा गर्नुभयो र भगवान बुद्धको शिक्षाको स्थायी प्रासङ्गिकतामा विद्यार्थी र कर्मचारीलाई प्रेरणादायी भाषण दिनुभयो।

संस्थानमा राज्यपालले भगवान बुद्धको शिक्षामा निहित कालातीत ज्ञानमा जोड दिनुभयो। उहाँले भन्नुभयो, भगवान बुद्धको शिक्षा आज पनि प्रासङ्गिक छ किनभने यो शिक्षाले हामीलाई व्यक्तिगत र सामूहिक रूपले खुशीमय र पूर्ण जीवन जीउनका लागि मार्गदर्शन गर्दछ। श्री आचार्यले भगवान बुद्धको सिद्धान्त र भारतको लोकतान्त्रीक लोकाचारका बीचको समानता पनि बताउनु भयो।

**अरविन्द केजरीवाल-भाजपा**

आम आदमी पार्टीका वरिष्ठ नेता श्री अरविन्द केजरीवालले भारतीय जनता पार्टीमाथि **एक देश एक नेता** को विचारलाई बढ़ावा दिएको आरोप लगउनु भएको छ। श्री केजरीवालले आरोप लगाउनुभएको छ कि भारतीय जनता पार्टीले, आम आदमी पार्टीलाई मेटाउन चाहान्छ तर आम आदमी पार्टी केवल एउटा पार्टी नभएर, एउटा सोचको छ।

श्री केजरीवालले भन्नुभयो , आई.एन.डी.आई. गठबन्धनले दुई हजार चौबीसमा केन्द्रमा सरकार बनाउदैछ र **□म □दमी पार्टी यस** सरकारको पनि हिस्सा हुनेछ। उहाँले भाजपा सरकारमा विपक्षी नेतालाई जेल पठाउने आरोप पनि लगाउनु भएको छ।

**अफगानिस्तान-बाढ़**

संयुक्त राष्ट्र संघले भनेको छ, अफगानिस्तानमा बाढ़ले मरेकाको संख्या दुई सय भन्दा अधिक भएको छ। अक्लै उत्तरी प्रान्त बग्लानमा नै ब्यासठ्ठी भन्दा अधिक मानिस मरेका छन् अनि हज़ारौं घरहरूको क्षति भएको छ। बग़लानमा भीषण बाढ़को स्थिति बनेको छ र जन-जीवन अस्त-व्यस्त भएको छ। बाढले **उत्तर-पूर्वी बड़ाक्षण प्रान्त** अनि मध्यवर्ती ग़ोर **प्रान्तमा** पनि मूसलाधार पानीले धेरै नोकसान भएको छ। तिश्कान ज़िल्लामा पनि बाढले मानिसहरूको मृत्यु भएको आशंका गरिएको छ। यस ज़िल्लाको मार्गको सम्पर्क टुटेको छ।

**सार्क महासचिव-भारत यात्रा**

दक्षिण एशियाई क्षेत्रीय सहयोग संगठन-सार्कका महासचीव श्री मोहम्मद गोलाम सरवर भारतको आफ्नो पहिलो आधिकारिक यात्रामा नयाँ दिल्ली आइपुग्नुभएको छ। विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जायसवालले सोशल मीडिया पोस्टमा भन्नुभएको छ, यो अवसर दक्षिण एशियामा सहयोगलाई बलियो बनाउने हो । श्री सरवर भारतको पाँचदिने यात्रामा हुनुहुन्छ । विदेश मन्त्रालय अनुसार, श्री सरवरले विदेश राज्य मन्त्री डा. राजकुमार रन्जन सिंह र विदेश सचिव श्री विनय मोहन क्वात्रा तथा श्री जयदीप मजूमदारसंग भेट गर्नुहुनेछ। उहाँले 'सार्कको भविष्य'का विषयमा तेस्रो शक्ति सिन्हा मेमोरियल व्याख्यानलाई सम्बोधन गर्नुहुनेछ। उहाँको दक्षिण एशियाई विश्वविद्यालयको यात्राको पनि कार्यक्रम रहेको छ।

**बिहार-तेजस्वी**

राष्ट्रीय जनता दलका वरिष्ठ नेता श्री तेजस्वी प्रसाद यादवले आरोप लगाउनु भएको छ की , भाजपाले राजनीतिक लाभका लागी आरक्षणलाई समाप्त गर्ने र संविधानलाई कमजोर बनाउने प्रयास गरीरहेको छ। श्री तेजस्वीले आज बिहारको दरभंगाको अली नगरमा राजद प्रत्याशी श्री ललित कुमार यादवको समर्थनमा जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले भन्नुभयो, यदी आई.एन.डी.आई गठबन्धन सत्तामा आउछँ भने उहाँको सरकारले हर सालमा युवाहरूलाई एक करोड नोकरी दिनेछ।

**खरगे-निर्वाचन □योग** (शब्द)

कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड़गेले चुनावको प्रत्येक चरणपछि कुल मतदान प्रकाशित गर्ने सम्बन्धी चुनाव आयोगको कार्य प्रणालीमाथि आपत्ति जनाउनु भएको छ। चुनाव आयोगलाई लेखिएको पत्रमा श्री खड़गेले आयोगलाई मतको पूर्ण संख्या सार्वजनकि रूपले प्रकाशित गर्ने सुझाव दिनुभएको छ। उहाँले भन्नुभयो, चुनाव प्रति गहिरो रुचि राख्ने मतदाता मतको पूर्ण संख्या हेर्ने मन गर्नुभएको छ । श्री खड़गेले सत्तारूढ पार्टीका नेता द्वारा दिएको जातिगत र साम्प्रदायिक बयानका विरूद्ध आयोग द्वारा त्वरित कार्रवाई नगरेकोमा पनि आश्चर्य व्यक्त गर्नुभएको छ।